# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड
बनस्थली, काठमाडौं, नेपाल

पत्र संख्या: २०८१/८२ च.नं. ३२१ मिति: २०८।०९।०४

नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

भद्रकाली, काठमाडौं ।

**विषय : तेह्रौं वार्षिक साधारण सभा बारे ।**

प्रस्तुत विषयमा यस त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको मिति २०८१/०९/०३ गते २२६ औं संचालक समितिको निर्णय अनुसार मिति २०८१/०९/२५ गते तेह्रौं वार्षिक साधारण सभा हुने निर्णय भएको व्यहोरा अनुरोध छ। साथै उक्त साधारण सभा सम्बन्धि सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**बोधार्थ:**
नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।
श्री ग्लोबल आईएमई क्यापिटल लिमिटेड,
नक्साल, काठमाडौं ।

२०८१/०९/०४

(भरत कुमार खड्का)
कम्पनी सचिव

फोन: ०१-४९०२९६४, फ्याक्स: ०१-४९०२९६३, E-mail: tjcl2068@gmail.com, Website: www.trishulijalvidhyut.com.np

# त्रिशुली जलविद्युत कम्पनी लिमिटेड

का.म.न.पा. -१६, बनस्थली, काठमाडौं
फोन: ०१-४९०२९६४, इमेल: tjcl2068@gmail.com, website: www.tjvcl.com

## तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।०४गते)

यस कम्पनी संचालक समितिको मिति २०८१।०९।०३ गते बसेको २२६ औं बैठकको निर्णय अनुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रम :**

मिति : २०८१।०९।२५ गते बिहीबार(तदनुसार जनवरी ९, २०२५)

समय : विहान ११:०० बजे

स्थान : आम्रपाली बैन्क्वेट, भाटभटेनी, काठमाडौं

**छलफलका विषयहरु :**

**(१) सामान्य प्रस्ताव**

(क) संचालक समितिको तर्फबाट संचालक समितिका अध्यक्षद्धारा आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु सहित आ.व. २०८०/८१ को आर्थिक विवरण उपर छलफल गरी पारित गर्ने ।

(ग) कम्पनीको आ.व.२०८१/८२ को वित्तीय विवरणहरुको लेखापरीक्षण गर्नका लागी लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(२) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी अन्य जानकारी ।**

१) यस त्रिशुली जल विद्युत कम्पनी लिमिटेडको मिति २०८१/०९/२५ गते हुने १३ औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१८ गते (एक दिन) शेयर दर्ता पुस्तिका बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१७ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमइ क्यापिटल लि., नक्शाल, काठमाडौंमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा कायम रहेका शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न पाउने व्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

२)कुनै शेयरधनी स्वयं सभामा उपस्थित हुन नसकी प्रतिनिधि नियुक्त गर्नु पर्दा कम्पनीको शेयरधनी वा अन्य कुनै व्यक्तिलाई रित पूर्वक प्रतिनिधि पत्र दिई प्रतिनिधि मुकरर गर्न सकिनेछ ।

३) एक जना भन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएको भएमा त्यस्ता साझेदारद्वारा नियुक्त व्यक्तिको र त्यसरी नियुक्त नगरेको भएमा शेयरधनीको दर्ता कितावमा जसको नाम पहिले लेखिएको छ,निज वा निजले मनोनयन गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।

TJVCL

४) कम्पनीको शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्दा प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई मात्र प्रतिनिधि मुकरर गर्नु पर्नेछ ।

५) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्ध भएको मानिनेछ ।

६) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र यस कम्पनीको कार्यालय बनस्थली,काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

७) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधिपत्र यस कम्पनीको कार्यालय बनस्थली,काठमाडौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको कार्यालय बनस्थली,काठमाडौंमा दिनु पर्नेछ ।

८) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा सहभागी भई सभामा भाग लिन र छलफल गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको कार्यालय बनस्थली,काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

९) आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै बिहान १०:०० बजे देखि दिनको ४:०० बजे भित्र tjcl2068@gmail.com मा इ-मेल गरी वा कम्पनी सचिवलाई सम्पर्क गरी आफ्नो नाम र इ-मेल ठेगाना टिपाउनु पर्नेछ ।

१०) आफ्नो परिचय पत्र सहित कम्पनीले जारी गरेको प्रवेश पत्र वा शेयर प्रमाण पत्र वा कम्पनीको शेयर अभौतिकिकरण गरेको देखिने अभौतिकिकरण खाता (DEMAT Account) को विवरण (BOID Statement) पेश गरे मात्र सभामा भाग लिन पाइने छ ।

११) शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान १० बजे देखि हाजिरी पुस्तिका खुल्ला रहनेछ ।

१२) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको बनस्थली, काठमाडौं स्थित कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन ।

**द्रष्टव्य** : वार्षिक साधारणसभासंग सम्बन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस कम्पनीको वेबसाइट www.tjvcl.com. मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

TJVCL